# Lumbini Banijya Campus
# लुम्बिनी वाणिज्य क्याम्पस
(Affiliated to Tribhuvan University)
Accredited by University Grants Commission (UGC), Nepal, 2025 A.D.


च.नं./Ref. No.:

**लुम्बिनी वाणिज्य क्याम्पस, बुटवल**
**विज्ञापन नं. ०३/०८२/०८३**
**(खुला प्रतियोगिता)**
**विज्ञापन प्रकाशन मितिः २०८२/०९/२७**
**(शैक्षिक तथा प्रशासनिक पदका लागि)**

लुम्बिनी वाणिज्य क्याम्पस, बुटवलमा निम्न पदहरुमा खुला प्रतियोगिताद्वारा (शिक्षक कर्मचारी सम्बन्धी विनियमावली, २०६६ परिच्छेद २ दफा ६ (१) बमोजिम) स्थायी पदपूर्ति गर्नुपर्ने भएकाले योग्य नेपाली नागरिकबाट मिति २०८२/०९/२८ गतेदेखि २०८२/१०/२७ गतेसम्म दिनको २:०० बजेभित्र (दोब्बर दस्तुर तिरेर मिति २०८२/११/०५ गते दिनको २:०० बजेसम्म) लुम्बिनी वाणिज्य क्याम्पस, बुटवलको सामान्य प्रशासन शाखामा आइपुग्ने गरी २/२ प्रति दरखास्त आह्वान गरिन्छ । आवेदन फारम क्याम्पसको लेखा शाखाबाट रु. ३००।- तिरी प्राप्त गर्न सकिनेछ । म्याद नाघी प्राप्त हुन आएका र रित नपुगेका दरखास्त उपर कुनै कारवाही हुनेछैन ।

- **आवेदकले संलग्न गर्नुपर्ने कागजातहरुः**

१. प्रवेशिका देखि माथिका सबै शैक्षिक योग्यताको लब्धाङ्क पत्र र प्रमाणपत्रका नोटरी प्रमाणित प्रतिलिपिहरु ।

२. अनुभव पत्रः

**शैक्षिक पदका लागिः** त्रिभुवन विश्वविद्यालय वा अन्य नेपाली विश्वविद्यालयहरुका आङ्गिक क्याम्पस वा पब्लिक क्याम्पसमा स्थायी, अस्थायी वा करार सेवामा रही सम्बन्धित विषयमा कम्तीमा १० वर्ष प्राध्यापन गरेको स्पष्ट मिति तथा कार्यालय खुलेको प्रमाणित पत्र आवेदन साथ पेश गर्नुपर्नेछ ।

**प्रशासनिक पदका लागिः** त्रिभुवन विश्वविद्यालय वा अन्य नेपाली विश्वविद्यालयहरुका आङ्गिक क्याम्पस वा पब्लिक क्याम्पसमा स्थायी, अस्थायी वा करार सेवामा रही सम्बन्धित क्षेत्रमा कम्तीमा ३ वर्षको कार्यानुभव हासिल गरेको स्पष्ट मिति तथा कार्यालय खुलेको प्रमाणित पत्र आवेदन साथ पेश गरेकालाई प्राथमिकता दिइनेछ ।

३. हालसालै खिचिएको पासपोर्ट साईजको फोटो ३ प्रति ।

४. नेपाली नागरिकताको नोटरी प्रमाणित प्रतिलिपि ।

५. शैक्षिक पदका लागिः प्रकाशित अनुसन्धानात्मक कृतिहरु विज्ञापन प्रकाशित हुनुभन्दा अगाडि प्रकाशित भईसकेको सम्बन्धित विषयको पाठ्यपुस्तक, सम्बन्धित विषयको सन्दर्भ ग्रन्थ, विषयगत अनुसन्धानात्मक प्रतिवेदन, विषयगत अनुसन्धानात्मक लेखहरु, विषयगत साधारण लेखहरु र स्नातकोत्तर तहमा सम्बन्धित विषयमा शोध निर्देशन गरिएको शोध प्रतिहरु तथा प्रमाणित पत्र आदि आवेदकले आवेदन फारम साथ पेश गर्नुपर्नेछ ।

६. अद्यावधिक गरिएको व्यक्तिगत विवरण (CV)।

- **शैक्षिक पदका लागि खुला प्रतियोगिताको पदः**

क) सह-प्राध्यापक (व्यवस्थापन विषय) - २ जना

Banijya Lumbini Campus Butwal Nepal 2038




QAA Certified: First Cycle-2012 A.D, Second Cycle-2018 A.D. & Third Cycle-2025 A.D.
Devinagar, Butwal-11, Rupandehi District, Lumbini Province, Nepal
Ph. +977-71-410500, 410245, Website: www.lbc.edu.np, E-mail: info@lbc.edu.np

च.नं./Ref. No.:

- **प्रशासनिक पदका लागि खुला प्रतियोगिताको पद:**

  क) मुख्य कार्यालय सहायक - १ जना

- **आवश्यक न्यूनतम योग्यता:**

  **सह-प्राध्यापक पदका लागि:**

  त्रिभुवन विश्वविद्यालय वा यसबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा विद्यावारिधि (Ph.D.) उपाधि हासिल गरेको र कुनै पनि विश्वविद्यालय वा शैक्षिक प्रतिष्ठानमा पूर्णकालिन शिक्षकको रुपमा कम्तिमा १० वर्ष अध्यापन गरेको र राष्ट्रिय Peer Reviewed Journal मा कम्तिमा ३ वटामा Principal Author भई ६ वटा अनुसन्धानात्मक लेख प्रकाशित गरेको ।

  **मुख्य कार्यालय सहायक पदका लागि:**

  त्रि.वि. वा यसबाट मान्यता प्राप्त शिक्षण संस्थावाट स्नातक वा सो सरह उत्तिर्ण गरी कम्प्युटर सम्बन्धी तालिम प्राप्त ।

- **छनोट प्रक्रियाका आधारहरू:**

  **सह-प्राध्यापक पदका लागि:**

  शैक्षिक योग्यता, अनुसन्धान तथा कृति प्रकाशन, शिक्षण सेवा अनुभव र अन्तर्वार्ता ।

  **मुख्य कार्यालय सहायक पदका लागि:**

  शैक्षिक योग्यता,, लिखित परीक्षा, प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता ।

- **आवेदन दस्तुर:**

  क) सह-प्राध्यापक पदका लागि: रु. ६,०००।- (छ हजार रुपैयाँ मात्र)

  ख) मुख्य कार्यालय सहायक पदका लागि: रु. ४,०००।- (चार हजार रुपैयाँ मात्र)

- **उमेर:**

  क) सह-प्राध्यापक पदका लागि: ५० वर्ष ननाघेको ।

  ख) मुख्य कार्यालय सहायक पदका लागि: पुरुष आवेदकको हकमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र महिला आवेदकको हकमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

  ग) माथि क र ख मा तोकिएको उमेर हद यस क्याम्पसमा प्राध्यापनरत प्राध्यापक तथा कार्यरत कर्मचारीको हकमा लाग्नेछैन ।

- **वेतन:** क्याम्पसको नियमानुसार ।
- **पाठ्यक्रम:** लिखित तथा प्रयोगात्मक परीक्षा दिने पदका लागि तोकिएको पाठ्यक्रम क्याम्पसको सामान्य प्रशासन शाखाबाट प्राप्त गर्न सकिनेछ ।
- **सम्पर्क मिति:** २०८२/११/०८
- **सम्पर्क स्थान:** सामान्य प्रशासन शाखा, लुम्बिनी वाणिज्य क्याम्पस, बुटवल ।

Banijya Lumbini Campus Butwal Nepal 2038

.........................
सदस्य सचिव
पदपूर्ति उप-समिति



QAA Certified: First Cycle-2012 A.D, Second Cycle-2018 A.D. & Third Cycle-2025 A.D.
Devinagar, Butwal-11, Rupandehi District, Lumbini Province, Nepal
Ph. +977-71-410500, 410245, Website: www.lbc.edu.np, E-mail: info@lbc.edu.np